"पाँचखाल नगर–कृषि सहर"
"Panchkhal Municipal-Agriculture City"
# पाँचखाल नगरपालिका
# Panchkhal Municipality
## नगर कार्यपालिका कार्यालय
## Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

फोन नं.: ०११-४९९४५१
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प.सं./FY ०७९/८०
च.नं./Ref. No.:

## सेवा करार सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०१/०५)

पाँचखाल नगरपालिका र मानसिक स्वास्थ्य परामर्श केन्द्र नेपालबीच भएको सम्झौता बमोजिम स्विस राजदूतावासको आर्थिक सहयोगमा सञ्चालित द्वन्द्व प्रभावित परिवारका लागि मानसिक स्वास्थय तथा मनोसामाजिक सहयोग कार्यक्रमका लागि तपसिलको पदमा देहायको सङ्ख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं | पद | सङ्ख्या | दरखास्त दस्तुर | परिक्षाको किसिम | अनतर्वार्ता मिति |
|---|---|---|---|---|---|---|
| १ | ४/०७९/८० | द्वन्द्व प्रभावित स्वयंसेवक | १ जना | ३००/- | अनतर्वार्ता | पछि तोकिनेछ |

१. आवश्यक अन्य योग्यता र अनुभव:-
क. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अदालतबाट कुनै फौजदारी अभियोग या कुनै कसुर प्रमाणीत नभएको।
ख. शैक्षिक योग्यता: १० कक्षा उत्तीर्ण, द्वन्द्व प्रभावितहरुको समूहमा रहेर सक्रिय भई प्रभावितहरुको सेवा तथा न्याय परीपूरणका प्रक्रियामा सक्रिय भएकालाई प्राथमिकता ।
ग. नगरपालिकामा रहेका द्वन्द्व प्रभावितहरुको बारेमा पर्याप्त जानकारी भएको हुनुपर्ने । मनोसामाजिक सहयोगको बारे जानकार भएकोलाई प्राथमिकता ।
२. दरखास्त दिने स्थान र अन्तिम मिति:- पाँचखाल नगरपालिकाको कार्यालय(सूचना प्रकाशित भएको मितिले ७ दिन कार्यालय समय भित्र र ७ औ दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट ।
३. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु: निवेदन, दस्तुर बुझाएको रसिद, नागरिकताको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, कामको अनुभव खुलेका कागजातहरु ।
पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेद्वार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्छ ।
४. द्वन्द्व प्रभावित समूहका लागि प्राथमिकता दिइनेछ ।
५. सेवा तथा सुविधाहरु: मासिक पारिश्रमिक र अन्य सेवा सुविधाको हकमा पाँचखाल नगरपालिकाले प्रचलित नियम अनुसार करार सम्झौतामा उल्लेख गरी प्रदान गर्न सक्नेछ।
६. छनौटको तरिका: प्रारम्भिक सूचीको प्रकाशन गरी अन्तरवार्ताबाट ।
७. सम्पर्क व्यक्तिको मोबाइल नं: सुधा सापकोटा ९८४३२५०७०६ ।
८. सम्पर्क र परिक्षाको मिति: सम्पर्क मिति आवेदन दिने अन्तिम दिनको भोलीपल्ट र अन्तर्वार्ताको मिति सम्पर्क मितिमा तोकिने छ। थप जानकारीका लागि यस नगरपालिकामा सम्पर्क राख्न सकिने छ। साथै दरखास्त फारम यस नगरपालिकाको कर्मचारी प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ।
(नोटः अन्तर्वार्ताको दिनमा आउदा सक्कल कागजात सहित उपस्थित हुनुपर्ने छ ।)

सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत